स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अहिलेका 'हटकेक जोडी' दयाहाङ राई र मिरुना मगरबीच अब फिल्म 'गाउँ नै रमाइलो'मा पनि सहकार्य हुने भएको छ । दिनेश राउतको निर्देशनमा बन्न लागेको फिल्मका लागि यसै साता मिरुनासँग सम्झौता गरिएको छ । दयाहाङ भने यसअघि नै अनुबन्धित भइसकेका छन् । फिल्ममा अभिनेता आर्यन सिग्देलको पनि मुख्य भूमिका रहनेछ । बुद्धि तामाङ पनि फिल्ममा जोडिएका छन् । प्राप्त जानकारी अनुसार, फिल्ममा तीनजना नायक रहनेछन् । अब तेस्रो नायक पनि 'स्टार' नै भित्राउने तयारीमा निर्माण टिम छ ।

**आजको विचार...**



युवालाई..

(दुई पेजमा)

नारायण तिमिल्सेना



'अन्तराल' डेब्यु अभिनेत्री नम्रता सापकोटा ओशो सन्यासी बनेको डेढ वर्ष भयो । त्यसयता उनको जीवनमा आध्यात्मिक मोड आएको छ । उनी यतिबेला चित शुद्ध बनाउने प्रयासमा छिन् । उनले भारतको केरलाबाट योग शिक्षकको रुपमा स्नातक (ग्राजुएसन) उत्तीर्ण गरेकी छन् । त्यहाँको शिवानन्द धन्वन्तरी आश्रममा उनले योग सिकेकी छिन् । सामाजिक सञ्जालबाट उनले आफू योग टिचरको रुपमा ग्राजुएट भएको फोटो सार्वजनिक गरेकी छन् । उनी यतिबेला भारतको गोवामा रमाइरहेकी छन् । समुन्द्री तटमा योग गरिरहेकोदेखि सूर्यास्तमा रमाइरहेको उनको फोटो आकर्षक देखिन्छ ।

❒ वर्ष २९ ❒ अंक १६० ❒ २०८० पुस २२ गते आइतबार 7 January 2024, Sunday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### गठबन्धनबाट एमालेले भाग नपाउने

**पाल्पा,** पुस २१/राष्ट्रिय सभाको निर्वाचनमा सत्ता गठबन्धनका दलहरु बीचमै सिट बाँडफाँट हुने भएको छ । शनिबार प्रधानमन्त्रीको सरकारी निवास बालुवाटारमा बसेको बैठकले प्रमुख प्रतिपक्ष दल नेकपा एमालेसँग कुरा नमिलेकाले सत्ता गठबन्धन बीचमै राष्ट्रिय सभाका निर्वाचन हुने सिट बाँडफाँट गर्ने निर्णय गरेको हो ।

प्रमुख प्रतिपक्ष एमालेले पछिल्लो समय सत्तारुढ गठबन्धनमा रहेका दलहरूसँग राष्ट्रिय सभा निर्वाचनमा मिलेर जानुपर्ने प्रस्ताव राखेको थियो । तर एमालेसँग कुरा नमिलेपछि गठबन्धन आफैले सिट बाँडफाँट गर्ने भएका हुन् । बैठकले राष्ट्रिय सभा सदस्यका लागि निर्वाचन हुने १९ सिट सत्ता गठबन्धनमा रहेका दलहरूबीचमा मात्रै बाँडफाँट गर्ने निर्णय गरेको हो ।

सत्तारुढ गठबन्धनमा रहेका राजनीतिक दलहरूमध्ये कसलाई कति सिट दिने भन्ने विषयमा भने अन्तिम टुंगो लागेको छैन् । देशभरको मतको स्थितिलाई मध्यनजर गरेर कसको राष्ट्रिय सभामा कति स्थान छ, मतभार कति कसको छ भन्नेकुरालाई मध्य नजर गरी टुंगोमा पुग्ने जाइएको छ ।

# तानसेन टुँडिखेलमा खेलको रौनक

## मेयरकप क्रिकेटको उपाधि १ नं वडालाई

कृष्ण पोखरेल

**पाल्पा,** पुस २१ /प्रायः सुनसान जस्तै बन्ने तानसेनको टुँडिखेल हिजो आज भने खेलले रौनकता प्रदान गरेको छ । तानसेन नगर सरकारको नगर खेलकुद विकास समितिले मंसिर २० देखी विभिन्न खेल प्रतियोगिताहरु सञ्चालन गर्दै आएकाले यहाँ दिनहुँ फरक खालको रौनक देखिएको हो ।

यहाँ फुटबल, क्रिकेट र व्याटमिन्टर जस्ता खेलहरु हेर्नका लागि खेलप्रेमीहरुको उल्लेखीय सहभागीता रहने गरेको छ । मंसिर २० गतेबाट फुटबल र पौष ७ गतेदेखी सञ्चालित क्रिकेट प्रतियोगिता सकिएका छन् भने पौष २७ गते देखी ब्याटमिन्टन प्रतियोगिता सञ्चालन गर्ने तयारी भएको छ । सोही अवसरमा तानसेन मेयरकप क्रिकेटको उपाधि वडा नं. १ (ए) ले हात पारेको छ । तानसेनको टुँडिखेलमा भएको प्रथम मेयरकप रनिङ्ग शिल्ड क्रिकेट प्रतियोगिताको फाइनल खेलमा तानसेन- १ (ए) ले वडा नं. ९ लाई हराउँदै उपाधि हात पारेको हो । खेलमा वडा नम्बर १ (ए) ले वडा नं.९ लाई ८ विकेटले पराजित गरेको छ ।




जितसँगै वडा नं.१ (ए) ले नगद ६० हजार, ट्रफी प्राप्त गरेको छ भने, उपविजेता वडा नं ९ ले ३० हजारमा चित्त बुझायो । फाइन खेलमा टस जितेर पहिले ब्याटिङ्ग रोजेको वडा नं.९ ले निर्धारित २० ओभरको खेलमा १९ दशमलव ४ बलमा सबै बिकेट गुमाएर ८१ रन बनाएको थियो । उसका लागि गोपाल तिमिल्सेनाले २४ रन, भुवन पाण्डेले १८ रन, विजय बौडेलले ९ रनको योगदान गरे । बलिङ्गतर्फ वडा नं. १ (ए) का अर्पन अर्याल र रुपेश बस्यालले समान ३/३ विकेट लिए । यस्तै विमर्श दर्नालले दुई, श्रीधर बस्याल र शिव शर्माले एक /एक विकेट लिन सफल भए । ८२ रनको विजयी लक्ष्यसहित मैदान उत्रिएको वडा नं. १ (ए) ले सुरुवात राम्रो गर्न नसके पनि रुपेश बस्याल र विशाल दर्नालको उत्कृष्ट साझेदारीले टिमलाई विजयी बनाउन सफल भएको हो । रुपेशले ३१ रन र विशालले नटआउट ४३ रनको योगदान दिए । बलिङ्गतर्फ वडा नं. ९ का भुवन पाण्डेले २ विकेट लिन सफल भए । वडा नं. १ (ए) ले निर्धारित २० ओभरको खेलमा १५ दशमलभ ४ ओभरमा जित हात पारेको हो । फाइनल खेलका म्यान अफ द म्याच वडा नं.१ (ए) का विशाल दर्नाल भएको नगर खेलकुद विकास समितिका संयोजक हेमन्तराज शाक्यले बताए । तानसेन नगरभित्रका ९ वडाका १४ टिम सहभागी प्रतियोगिता लिग कम नक आउटको आधारमा खेलाइएको थियो । फाइनलमा म्यान अफ दि फाइनल वडा नं. १ (ए) का विशाल दर्नाल भए । खेल अवधिभर ११ विकेट /४४ रन बुटल्ने अर्पण अर्याल प्लेयर अफ दि सिरिज बन्न सफल भए । खेल अवधिमा १५ विकेट लिने वडा नं. १ (ए) कै विमर्श दर्नाल उत्कृष्ट बलर भए भने १११ रन बटल्न सफल उत्कृष्ट व्याट्सम्यान रुपेश बस्याल भएका छन् । खेलाडीलाई लुम्बिनी प्रदेशसभा सदस्य वीरबहादुर राना, नगरप्रमुख सन्तोषलाल श्रेष्ठ, उपप्रमुख प्रतिक्षा गाहा सिंजाली, नगर खेलकुद विकास समितिका संयोजक शाक्य लगायतले पुरस्कार तथा प्रमाणपत्र वितरण गरे । रनिङ्ग शिल्ड प्रतियोगिता अर्न्तगत तीन वटा खेलहरु राखिएकोमा हालसम्म फुटवल र क्रिकेट खेल सम्पन्न भएका छन् भने अब व्याडमिण्टन प्रतियोगिता हुन बाँकी रहेको छ । यस अघि भएको फुटबल प्रतियोगितामा तानसेन-९, दमकडाले उपाधि चुमेको छ । फाइनल खेलमा तानसेन-९ ले तानसेन-१ (क) लाई १-० गोलअन्तरले पराजित गर्दै कपको उपाधि चुमेको हो । विजेता तानसेन-९ ले नगद एक लाख, ट्रफी प्राप्तसहित सम्मान पत्र र उविजेता तानसेन-१(क) ले नगद ५० हजार ट्रफी प्राप्त गरेको थियो ।

# देशभर चिसो बढ्यो



**पाल्पा,**पुस २१/पछिल्ला दिनमा तापक्रम निरन्तर घट्दा पाल्पा सहित देशभर चिसो बढेको छ । नेपालमा पश्चिमी वायुको आंशिक प्रभावका कारण चिसो बढेको हो ।

तराई तिर बिहानीपख हुस्सु लाग्ने दिउँसो पारिलो घाम लाग्ने गरेको छ । पहाडका केही क्षेत्रमा मधुरा घाम लागेको र चिसो अत्याधिक बढ्दै गएको महसुस गरिएको छ ।

देशभर चिसो ह्वात्तै बढेकाले यसबाट बचन आवश्यक उपाय तथा सतर्कता अपनाउन समेत जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाले अनुरोध गरेको छ । महाशाखाले तापक्रम घट्दै गएकाले चिसो बढेको जनाएको छ । कोशी र गण्डकी प्रदेशका उच्च पहाडी तथा हिमाली क्षेत्रमा हल्का हिमपात भए पनि आगामी तीन दिनसम्म उल्लेखनीय मौसम प्रणाली नरहने मौसमविद्हरुले जनाएका छन् । जुम्लामा सबैभन्दा धेरै तापक्रम घटेर माइनस पाँच दशमलव सात डिग्रीसेल्सियस रहेको छ । शुक्रबार जुम्लाको न्यूनतम तापक्रम माइनस ६ डिग्रीसेल्सियस थियो । महाशाखाले जारी गरेको मौसम पूर्वानुमान बुलेटिनमा हाल नेपालमा पश्चिमी वायुको आंशिक प्रभाव रहेको छ । कोशी, मधेस प्रदेशलगायत देशका पहाडी भू-भागमा आंशिक बदली रही बाँकी भू-भागमा मौसम सामान्यतया सफा रहेको छ । **-बाँकी अन्तिम पेजमा**

# नौलो अभियान : घरमै सुत्केरी भए कालो टीका !

**बलेवा (बागलुङ),** पुस २१/केही वर्ष अघिसम्म सुत्केरी हुने बेला गोठ खोज्ने बज्रबाङ र स्याउलाका महिला अहिले गर्भ रहेको थाहा पाएदेखि स्वास्थ्यचौकी धाउँछन् । आठ पटक गर्भ जाँच गर्ने तथा स्वास्थ्यचौकीमै सुत्केरी हुने कुरा यहाँका सबै महिलालाई थाहा छ ।



गाउँमा चालु आर्थिक वर्ष सुरु भएपछि १५ जना सुत्केरी भए । उनीहरु सबै सुरक्षित स्वास्थ्य संस्थामा सुत्केरी भएका हुन् । तमानखोला गाउँपालिका-१ मा पर्ने यी गाउँमा एउटा सक्रिय आमा समूह छ । गर्भवती र सुत्केरी तथा नवजात शिशुको जीवन रक्षाका विषयमा बुझेको आमा समूहले नौलो अभियान चलाएको छ । यी गाउँमा अहिले घरमा सुत्केरी हुन पाइँदैन । कसैले अटेरी गरे परिवर्तनशील स्वास्थ्य आमा समूह सुत्केरीकै घरमा पुग्छ र कालो टीका लगाइदिन्छ । घरमै सुत्केरी भए गाउँघरमा अशुभ मानिने कालो टीका लगाउनुपर्ने भएकाले दुई वर्षयता घरमा सुत्केरी हुनेको संख्या शून्य छ । 'गर्भजाँच नगरे पनि पहेँलो टीका लगाउनुपर्छ, आठपटक गर्भ जाँचेर स्वास्थ्यचौकीमा सुत्केरी भए बल्ल रातो टीका लगाउन पाइन्छ', बज्रबाङकी रविना विकले भनिन्, 'मैले सबै जाँच पूरा गरेर स्वास्थ्य संस्थामा बच्चा जन्माएकी हुँ ।' आमा समूहले उक्त अभियान सुरु गरेदेखि कोही पनि घरमा सुत्केरी भएका छैनन् ।

घरमा सुत्केरी हुँदा आमा र बच्चाको स्वास्थ्यमा हुनसक्ने जोखिमको विषयमा सबै महिलाले जानकारी पाएका छन् । यहाँका पुरुषले पनि आमा समूहको यो अभियानलाई सहयोग गरेको छ । गर्भावस्था र सुत्केरी अवस्थाका सम्भावित जोखिमको विषयमा धेरै सचेतनाका कार्यक्रम सञ्चालन भए ।

**-बाँकी अन्तिम पेजमा**

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## स्वदेशमै रोजगारका अवसर सिर्जना गरौं

नेपाल अहिले युवाहरू निर्यात गर्ने मुलुकका रूपमा विश्व बजारमा चिनिएको छ । गुणस्तरीय शिक्षा मार्फत दक्ष जनशक्ति उत्पादन गरी उनीहरूको ज्ञान र सीपलाई विकास निर्माणमा लगाउन राज्यले सकेको छैन । नेपालमा रोजगारीको सम्भावना नभएकै कारण युवा विदेशिएका छन् । स्वदेशमै रोजगारीको अवसर सिर्जना हुने हो भने अधिकांश युवा विदेशिने थिएनन् । हाम्रा गाउँ–बस्तीहरू युवाविहीन बन्दै गएका छन् । काम गर्ने जनशक्तिको अभावमा हाम्रा कृषियोग्य जमिन बाँझो हुँदै गएका छन् । विगत दुई दशकदेखि विभिन्न देशसँग सम्झौता गरी युवालाई कामदारका रूपमा पठाउने गरिएको छ । हरेक दिन १५ सयको हाराहारीमा युवाहरू रोजगारीका लागि विदेशिएका छन् । गाउँ घर वृद्धभत्ता लिने जेष्ठ नागरिक र नाति नातिना पुस्ताका बालबालिकाको बस्तीका रूपमा परिणत भएका छन् । यो अत्यन्त दुखको कुरा हो । सरकारले स्वदेशमै सम्भावना छ भन्दै आए पनि अवस्था त्यस्तो छैन् । शुक्रबार पाल्पाको रामपुरमा आयोजित एक कार्यक्रममा समेत सरकारका अर्थमन्त्री प्रकाशशरण महतले स्वदेशमा प्रसंस्त सम्भावना भएकाले विदेश नजान युवाहरुलाई आग्रह गरे । तर उनले भाषाणमा भने जस्तो देशमा त्यस्तो अवस्था छैन । जसका कारण युवाहरु विदेश जान बाध्य छन् । विदेशीनु उनीहरुको रहर हैन बाध्यता हो । यो कुरा सरकार किन बुझ्न नसकेका हो ? रोजगारीका अवसर सिर्जना नगर्ने तर देशमै सम्भावना छ विदेश नजाऊ भन्नु उचित होइन ।

राजनीतिक निराशाले मुलुकको सबै क्षेत्रलाई छोएको छ । मुलुकको अर्थतन्त्र कमजोर भए पनि यसले गति लिँदै छ भन्ने आशा जगाउन नसकेको र सुदूर भविष्यसम्म पनि त्यस्तो संकेत नदेखिएकाले युवाहरू आफ्नो भविष्य नेपालमा देखिरहेका छैनन् । त्यो आशा जगाउने काम सरकार र राजनीतिक नेतृत्वको हो । तर, सरकारी कार्यशैलीले युवामा निराशामात्र होइन, वितृष्णासमेत जगाइरहेको छ । त्यस्तोमा विदेश जानु नै उनीहरूको विकल्प बनेको हो । अभिभावकले पनि आशा गुमाइसकेकाले युवालाई रोक्न नसकेको वा नखोजेको अवस्था छ । आशा जगाउने आधार भनेको सुशासन हो । सुशासन भएमा नै उद्योग मैत्री वातावरण बन्छ । सुशासनमा नै उद्योग व्यवसाय फस्टाउन सक्छन् र तिनले रोजगारी सिर्जना गर्न सक्छन् । तसर्थ देशमै रोजगारीको अवसर सिर्जना गर्नतर्फ राज्य जिम्मेवार बन्न जरुरी छ ।

## Opinion @ Social Network

आफू राम्रो गर्नुस् ।।
अरुलाई गलत भन्दा हजुरको मुल्याङ्कन पनि त गर्छ्न मान्छेहरु...
(कमल अधिकारीको फेसबुक स्टाटस https://www.facebook.com/kamal.adhikari.908)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

नवजनचेतना दैनिकको रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# युवालाई विदेश, अहिलेको परिवेश !



नारायण तिमिल्सेना

आजकाल गाउँघर तिरको वास्तविकता नै यही हो । पहिले छोरो छोरी शहरबाट आउछ भन्ने आहान अहिले छोरा छोरी विदेशबाट आउँछन् भन्नेमा परिणत भएछ । अब त मरे पछि क्रिया बस्न समेत भाडामा राख्न शुरु गरि सकेछन् । यो अवस्था सुधिने कहिले हो ? सके अमेरीका, युरोप, जापान, अष्ट्रेलिया नसके साउदी, कतार, दुवही, कोरीया त्यो पनि नसके कम पैसा लाग्ने नजिकका देश भारतसम्म नेपालीको गन्तव्य बनिरहेको छ । राम्रो पढे विदेश अनि पढ्न नसके पनि विदेश जसरी भए पनि जहाँ भए पनि जानै पर्छ भन्ने युवाको कमि छैन । यही अवस्था रहि रह्यो भने १६ वर्ष मुनिका र ६० वर्ष भन्दा माथिका नागरिकहरु छन् । छिटफुट रुपमा रहेका कर्मचारी र शिक्षकमात्र भेटिने होला । यही अवस्था रहि रह्यो भने देश रित्तिन धेरै बेर लाग्ने छैन । अब त नेपालमा सरकारी जागिर गरेर बस्नेले पनि आफ्नो भविष्य देख्न छाडि सके । सरकारी जागिर छाडेर जाने सख्या पनि बाक्लै छ । गाउँको बस्ति पातलो छ । गाउँ छाडि शहर, शहर छाडी विदेश अहिलेको अवस्थाले कृषि उत्पादन समेत घट्दै गएको छ । यसै पनि परम्परागत खेती प्रणालीमा आधारीत रहेर उत्पादन गरि रहँदा उत्पादन घट्ने नै भयो त्यस माथि गाउँमा बसेर खेतीपाती गर्नेहरु शहर पस्दै छन् । अलि-अलि गरेर खेती गर्दा उत्पादन जोगाउन गाह्रो छ । युवा जति विदेश पसे गाउँमा बाँदर धपाउने मान्छेको पनि अभाव हुन थाल्यो । अब युवालाई देश भित्रै राख्न सक्ने बृहत्तर योजनाको आवश्यक छ ।

थालीमा रातो टिका मुछेर, कापिरहेका हातले निधारमा छिट्टै फर्किएर आय भन्ने आशीर्वादसहित थरथराएका ओठ अनि नयनबाट झरेका बलिन्द्र अश्रुधारा, आजकाल धेरैका घरमा देखिएका कारुणीक र मर्मस्पर्शी दृश्य हो यो । त्रिभुवन अन्तर्राष्ट्रिय विमान स्थलमा देखिएका घाँटीका खादा अनि मालाले लाग्छ देश रित्तिदै छ, देशमै बसेर छोरा छोरीले केही गरुन् भनेर साँचेका बा आमाका सपना तुहिदै छन्, सकिदै छन् ।

विश्वका धेरै देशमा बगेका नेपाली युवाका रगत अनि पसिनाले कैयन देशका भूमि विकसित हुँदै छन् तर विडम्बना जन्माएर जोगाउन नसकेको मेरो देशको अवस्था जस्ताको त्यस्तै छ । आजको युवावर्ग सामान्यभन्दा सामान्य कामको खोजीमा विदेश भौँतारिरहेको छ । यसतर्फ न राज्यले वा न अभिभावकले नै गम्भीर भएर सोचेकै देखिन्छ । प्राय: अहिलेका युवाको गन्तव्य बनेको छ, अमेरिका, अस्ट्रेलिया, जापन र कोरिया । विदेशमा पढ्न भन्दा पनि उनीहरू आफ्नो कामको ग्यारेन्टी भएमा बढी खुसी हुन्छन् । यस्तो छ, आजका नेपाली युवावर्गको विदेश पलायनको यथार्थ । यसर्थ अहिलेको परिवेश र युवा विदेश पलायनका विषयमा केन्द्रीत रहेर यहाँ चर्चापरिचर्चा गर्ने प्रयास गरिएको छ ।

विगतको जनगणना वि.स. २०४८ देखी वि.स. २०७८ सम्मका तथ्यांकलाई विश्लेषण गर्दा अहिलेको वर्तमान समयमा नेपालमा युवाको स्वर्णिम समय हो । यो समयमा देशमा सर्वाधिक सक्रिय युवा जनशक्ती रहनु पर्छ । यो समयलाई देशले सदुपयोग गर्न नसक्ने हो भने नेपालले महत्वपूर्ण समय गुमाउछ । विकसित जनसंख्यिक तालिकाले अब जनसंख्या वृद्धिदर घट्दै जान थालेको छ । अब युवा नै देशमा नरहने हो भने आर्थिक रुपमा सक्रिय जनशक्ती कहाँ भेटिएला ? गाउँमा मर्दा पर्दा काँध थाप्ने युवा छैनन् । बिरामी भए यातायातको पहुँच भएको स्थानसम्म पुर्‍याउने मान्छे पाउन मुस्किल छ । जिउँदो रहँदा आश बोकेका बा आमाले लाश भएपछि स्पर्श पाउन समेत गाह्रो छ । भर्खर मात्र पूर्व सभामुख सुवास नेम्वाङको मृत्यु हुँदा छोराहरु दाग बत्ती दिन युरोप अष्ट्रेलियाबाट आउनु पर्दा दिन कुरेको उदाहरण चर्चामा रह्यो । यो ठूला नेताहरुको र धनी परिवारको मात्र उदाहरण होइन । आजकाल गाउँघर तिरको वास्तविकता नै यही हो । पहिले छोरो छोरी शहरबाट आउछ भन्ने आहान अहिले छोरा छोरी विदेशबाट आउँछन् भन्नेमा परिणत भएछ । अब त मरे पछि क्रिया बस्न समेत भाडामा राखन शुरु गरि सकेछन् । यो अवस्था सुधिने कहिले हो ? सके अमेरीका, युरोप, जापान, अष्ट्रेलिया नसके साउदी, कतार, दुवही, कोरीया त्यो पनि नसके कम पैसा लाग्ने नजिकका देश भारतसम्म नेपालीको गन्तव्य बनिरहेको छ । राम्रो पढे विदेश अनि पढ्न नसके पनि विदेश जसरी भए पनि जहाँ भए पनि जानै पर्छ भन्ने युवाको कमि छैन । यही अवस्था रहि रह्यो भने १६ वर्ष मुनिका र ६० वर्ष भन्दा माथिका नागरिकहरु छन् । छिटफुट रुपमा रहेका कर्मचारी र शिक्षकमात्र भेटिने होला । यही अवस्था रहि रह्यो भने देश रित्तिन धेरै बेर लाग्ने छैन । अब त नेपालमा सरकारी जागिर गरेर बस्नेले पनि आफ्नो भविष्य देख्न छाडि सके । सरकारी जागिर छाडेर जाने सख्या पनि बाक्लै छ । गाउँको बस्ति पातलो छ । गाउँ छाडि शहर, शहर छाडी विदेश अहिलेको अवस्थाले कृषि उत्पादन समेत घट्दै गएको छ । यसै पनि परम्परागत खेती प्रणालीमा आधारीत रहेर उत्पादन गरि रहँदा उत्पादन घट्ने नै भयो त्यस माथि गाउँमा बसेर खेतीपाती गर्नेहरु शहर पस्दै छन् । अलि-अलि गरेर खेती गर्दा उत्पादन जोगाउन गाह्रो छ । युवा जति विदेश पसे गाउँमा बाँदर धपाउने मान्छेको पनि अभाव हुन थाल्यो । अब युवालाई देश भित्रै राख्न सक्ने बृहत्तर योजनाको आवश्यक छ । सिप, क्षमता र योग्यताका आधारमा रोजगारी सिर्जना गर्नु पर्छ । भए र गरेका रोजगारीलाई इज्जतका साथ गर्ने वातावरण बनाउनु पर्छ । श्रमको सम्मान हुनुपर्छ । काम सानो र ठूलो हुँदैन । पेशागत दक्षता रह्यो भने जे काम गर्दा पनि हुन्छ तर काम अनुसार दाम अनि दाम समेत समय सापेक्ष परिवर्तन हुनु पर्छ । अन्य देशमा गएका युवाले जे काम गर्न सकिन्छ त्यही गर्छन् तर नेपालमै बसेर गर्ने वातावरण भने देख्दैनन् । काम गर भनेर मात्रै हुँदैन काम गर्ने वातावरणको व्यवस्था हुनु पर्छ । नेपालले पनि विश्वका अन्य विकसित देशमा जस्तै समय सापेक्ष व्यवस्था हुनु पर्छ र परिवर्तन पनि हुनु पर्छ । अहिलेको समयमा कलाकार पलायन, खेलाडी पलायन, चिकित्सक अनि स्वास्थ्यकर्मी पलायन, विद्यार्थी पलायन, दक्ष अनि अदक्ष कामदार पलायन यसरी सबै पलायन भई रहँदा को टिक्ने हो यो देशमा बुढा भएका बा आमा र काम गर्न नसक्ने बाल बच्चा ? देशले न त दक्ष जनशक्ती राख्न सकेको छ न त काम गर्ने अदक्ष कामदार । राख्न सकिने व्यवस्था कसले गर्न पर्ने हो ? व्यवस्थापन कहाँ बाट शुरु गरिनु पर्छ गम्भिर भएर सोंच्नु पर्छ र काम पनि गर्नु पर्छ । को कहाँबाट सच्चिनु पर्छ र के सक्किनु पर्छ अनि के मा लगानी गर्नु पर्छ त्यसको पनि लेखाजोखा हुनु पर्छ । युवाले देश प्रति आशा अनि भरोसा के मा गर्छन् त्यसको खोजविन हुनु पर्छ र त्यसको व्यवस्था हुनु पर्छ । काम गर्छु भनेर तयार हुने युवालाई सिप योग्यता क्षमता अनुसार काम दिनु सक्नु पर्छ । लगानी गरेर व्यवसाय गर्छु, राज्यलाई कर तिर्छु भनेर तयार भएका युवा जमातलाई लगानी मैत्री वातावरणको अवस्था सिर्जना हुनु पर्छ । कृषि गर्छु भनेर अगाडि सर्नेलाई व्यवसायीक कृषि गर्ने माहोल सिर्जना गरिनु पर्छ । कृषि अनि पशुपालनमा व्यवसायिकरण, यान्त्रीकरण अनि विविधिकरण गर्नु पर्छ । उत्पादनको बजारीकरण गरिनु पर्छ अनि बाली तथा श्रमको बिमा गरिनु पर्छ । फिनि हरायर गहुँका दाना गन्नु भने जस्तै युवा जति विदेश पठाएर रेमिटेन्सले देश बन्छ भन्नु पनि उस्तै उस्तै हो । सुन खोज्दा हिरा गुमेको थाहा नपाउन सकिन्छ । अहिलेको अवस्था पनि त्यस्तै हो । कस्तुरी मृगले आफु भित्रको सुगन्ध चिन्न नसके जस्तै देशले युवा चिन्न सकेन । पछिल्लो तथ्यांकले लाखौं युवा महिनामै देशबाट बहिर्गमन हुनुले यसको प्रमाण दिइ रहेको छ ।

आर्थिक विकासका सबै सुचकांकमा देशले युवा मागि रहेको कस्ले बुझ्ने । युवाहरुकै मर्म कस्ले जान्ने । अथाह सम्भावना यसै निष्किय बनिरहँदा सुधार गर्ने हिम्मत कसलाई होला ? बोलीमा दम  र काममा कम पहिले नि थियो अहिले नि उस्तै छ । सुधार कहिले होला ? सबैलाई आफ्नो जिम्मेवारीको बोध होला कि नहोला कि सबै सक्रिय पछि मात्र सोंच्ने हो ? बाहिर गएका युवा केही देशका मात्र फर्किने हुन सबै देशका नफर्किने कुरामा दुईमत नहोला । मेरो पनि फरक मत छैन् । अत: युवा देशमा रहेनन् भने विकास सम्भव छैन । दुखेको बा आमाको मन खुशी गराउन पैसाले मात्र सम्भव छैन् । जन्माएका छोरा छोरीसँगै रहनुको आनन्द आभाष गर्नेलाई मात्र थाहा होला । जन्मिएको ठाउँ छाडेर जाने रहरले मात्र हुँदै होइन, परेली रुझाउँदै जाने र सम्झिएर बस्नेलाई मात्र थाहा हुन्छ । मनले नजा भन्छ देशले जा भन्छ भन्ने अवस्था जसरी पनि सुधार हुनु आवश्यक छ ।

**(लेखक हाल बगनासकाली गाउँपालिका पाल्पामा कार्यरत छन् ।)**

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : धर्म तथा समाजसेवामा मन लाग्ने छ । नयाँ काम सुरु गर्ने समय पनि छ । | **तुला** : महिला वा मित्रबाट विशेष सहयोग मिल्नेछ । |
| **वृष** :आजबाट भाग्यले विभिन्न अवसर जुराउनेछ । कामको थालनी हुनेछ । | **वृश्चिक** : आज रोकिएका काम पुन: सुरु हुन सक्छन् । |
| **मिथुन** : मनमा शान्ति र अनुहारमा कान्ति छाउनेछ । | **धनु** :आर्थिक कारोबारमा सफलता पाइएला ।सही निर्णय लिन सकिनेछ । |
| **कर्कट** : परिश्रम अनुसार उपलब्धि राम्रै पाइएला । मनमा आनन्ज छाउँनेछ । | **मकर** : राजनैतिक क्षेत्रमा सफलता मिल्नेछ । वैदेशिक कार्य भने बन्नेछ । |
| **सिंह** : सामाजिक क्षेत्रमा सफलता मिल्ने छ । सांगीतिक क्षेत्रमा रुचिपनि बढ्नेछ | **कुम्भ** : व्यापार व्यवसायमा सफलता मिल्नेछ । शुभारम्भको चर्चा चल्नेछ । |
| **कन्या** : साथीभाइले राम्रै सहयोग गर्नेछन् । भूमिबाट पनि लाभ मिल्ला । | **मीन** : आज नयाँ उद्योग वा रचनात्मक काममा जुट्ने समय छ । |

# कृषि

## म्याग्दीका किसान आलु खेतीतर्फ आकर्षित

म्याग्दीका किसान पछिल्लो समय परम्परागत बाली छोडेर आलु खेतीतर्फ आकर्षित भएका छन् । गहुँ, जौ, उवा, फापर खेती गर्ने किसान पछिल्लो समय ती बाली छोडेर आलु खेतीतर्फ आकर्षित भएका हुन् ।

पश्चिम म्याग्दीको मालिका गाउँपालिका-१ निस्कोट, २ रुम, ६ दरवाङ,७ विम, मङ्गला गाउँपालिकाको रणबाङ, अर्मन, नेटालगायत धौलागिरि गाउँपालिकाको अधिकांश वडाका कृषक परम्परागत अन्नबाली छोडेर आलुखेतीतिर लागेका स्थानीय गाउँपालिकाका कृषि प्राविधिकको भनाइरहेको छ । मङ्गला गाउँपालिकाका कृषि प्राविधिक जगत बानियाँले किसानले उत्पादन गरेको आलु बजारमा सहजरुपमा बिक्री हुन थालेपछि नगदेबालीको रुपमा आलुलगायत तरकारी खेतीतर्फ किसानको आकर्षण बढेको बताए ।




उच्च वातावरणमा उब्जेको जैविक आलु स्वादिलो र छिटो पाक्ने भएकाले यसको माग बढ्दै गएपछि यहाँका किसान आलुखेतीतर्फ आकिर्षित भएका मालिका -६ का वडाध्यक्ष पथबहादुर रोकाले बताए । आलु जति फलाए पनि बिक्रीका लागि चिन्ता नभएको उनले बताए । आलु फलाएपछि मौसमीभन्दा बेमौसमीमा यसको भाउ बढ्ने पाइने मालिका-२ रुमका किसान टेकबहादुर विकले बताए । म्याग्दीमा आलु मौसमको प्रतिकिलो रु ६० देखि ९० सम्ममा बिक्री हुन्छ भने बेमौसममा रु एक सयदेखि एक सय ४० सम्ममा बिक्री गर्न सकिने किसान बताउँछन् । यस्तै आलु उत्पादक किसानका लागि भण्डारण, बजारीकरण र नयाँ प्रविधि विस्तारमा स्थानीय पालिका र कृषि ज्ञान केन्द्रले सहयोग गर्न आवश्यक रहेको यहाँका किसानको भनाइ रहेको छ ।

**आलुमा देखियो डडुवा रोग**

म्याग्दीमा आलु खेतीमा डडुवाको रोगको समस्या फैलिएको छ । यहाँका अधिकांश क्षेत्रमा लगाइएको आलुमा डडुवाको समस्या देखिएको हो । डडुवाले किसानको आलु सखाप भएपछि अहिले किसान चिन्तित छन् । कात्तिक महिनामा लगाइएको आलुमा पुस महिनामै डडुवा लागेर सखाप भएपछि आलु उत्पादन घट्ने भएको छ । व्यावसायिक रुपमा आलु खेती गर्दै आएका बेनी नगरपालिका, मालिका र रघुगङ्गा र मङ्गला गाउँपालिकाका किसानको आलु डडुवाले सखाप पारेको कृषि प्राविधिकले बताएका छन् । अधिकांश किसानले लगाएको आलुमा मौसम परिवर्तन भएसँगै डडुवाको समस्या फैलिएको हो । चिसो मौसम सुरुआत भएपछि किसानले आलु खेतीमा ध्यान नदिँदा कतिपय लगाएको आलु खेती नष्ट भएको मङ्गला गाउँपालिकाका कृषि प्राविधिक जगत बानियाँले बताए ।

रघुगङ्गा -६ पाखापानी र ठाडाखानीका किसानले लगाएको आलुमा पनि डडुवाको सङ्क्रमण फैलिएको ठाडाखानीका किसान दलबहादुर छन्त्यालले बताए । खेती गर्दा ध्यान दिने र प्राविधिकको सल्लाहअनुसार समयमै खेतीपातीको रेखदेख गर्ने गरेमा आलुलाई रोक किरा लाग्नबाट बचाउन सकिने कृषि प्राविधिकको भनाइ रहेको छ । म्याग्दीमा व्यावसायिक रुपमा एक सय हेक्टर बढी क्षेत्रफलमा आलु खेती गरिएको छ । आलु सुपरजोन, स्थानीय पालिका र किसानको साझेदारी बिउँमा अनुदान पाई किसानले करिब एक हजार कुन्टल आलुको बीउ लगाएको कृषि ज्ञान केन्द्र म्याग्दीले जनाएको छ । पछौटे डडुवा आलुबालिमा लाग्ने रोगमध्ये प्रमुख रोग भएको कृषि प्राविधक बानियाँले बताए । उनका अनुसार यस रोगबाट हुने क्षतिको क्रम हरेक वर्ष विकराल रूपमा बढी रहेको छ । पहाडी जिल्लामा पनि बर्सेनि यो रोगको प्रकोप बढिरहेको छ भने तराईका जिल्लामा महामारीको रुपमा फैली सकेको छ । यसको लक्षण सङ्क्रमण सुरुको अवस्थामा पातमा हल्का हरियो रङका विभिन्न आकारका थोप्ला देखिने कृषि प्राविधिक बानियाँले बताए । अनुकूलन वातावरण पाइरहेमा थोप्लाको भित्री भागमा खैरो एवं सुकेको देखिन्छ । ओसिलो वातावरणमा ढुसीको अत्यधिक विकास भई पातको तल्लो सतहमा थोप्ला वरिपरि कपासको घेराजस्तो देखिन्छ । रोग बढी हुँदै गयो भने पूरै पात सुकेर डढेजस्तो हुन्छ भने अनुकूल वातावरण भई रहयो भने पात, काण्ड, डाँठ र दानामा समेत सङ्क्रमण हुने उनले बताए । फाइटफथोरा इन्फेस्टेन्स नामक ढुसी नै यो रोगको प्रमुख कारकतत्व भएको विशेषज्ञले बताएका छन् । यस प्रजातिका ढुसीमध्ये मेटिङ टाइप पी १ र मेटिङ टाइप पी २ नामक उपप्रजाति नेपालमा पाइएका छन् । यस रोगको अनुकूल विकासको लागि वायुमण्डलको सापेक्षिक आद्रता ८० दशमलव ९५५ र रातिको तापक्रम १० दशमलव १२ डिग्रसेल्सियस लामो समयसम्म सिमसिमे पानी, दिनमा घाम नलागेर बादल लागेमा र हावा, पानी, बीउ र माटोको माध्यमबाट यो रोग देखा पर्ने विशेषज्ञको भनाइ छ । यो रोगको व्यवस्थापन गर्नका लागि म्यान्कोजेब वा बेभिस्टिन २ ग्राम १ लिटर पानीमा हालेर आधा घन्टासम्म बीउलाई भिजाएर छायाँमा सुकाएर रोप्ने र ट्राइकोड्रामा आधा र ५० किलो कम्पोस्टमा मिसाएर दुई-तीन रोपनीमा मिलाएर खेत जोतेर मौसम प्रतिकूल हुने सङ्केत देखिने बित्तिकै कपरअक्सिक्लोराइड दुई ग्राम एक लिटर पानीमा हालेर छर्ने तथा रोग लागेका बोट तुरुन्तै हटाइदिने सुझाव कृषि विशेषज्ञको रहेको छ ।-रासस

## नेपालमा अण्डा र मासुको खपत कम



नेपालमा अण्डार कुखुराको मासुको खपत कम हुने गरेको छ । विकसित देशको तुलनामा नेपालमा कुखुराको अण्डार मासु खपत कम हुने गरेको नेपाल कुखुरा व्यवसायी मञ्चले जनाएको छ । मञ्चका अनुसार विकसित मुलुकमा वार्षिक चार सय ३३ सम्म अण्डा खपत हुँदा नेपालमा ६१ मात्रै खपत हुने गरेको छ । चीनमा चार सय ३३, जापानमा तीन सय ९७, अमेरिकामा तीन सय २२ अण्डा वार्षिक प्रतिव्यक्ति खपत हुने गरेको छ ।

यस्तै क्यानडामा तीन सय दुई, बङ्गलादेशमा ८०, भारतमा ७९र पाकिस्तामा ७२ प्रतिव्यक्ति अण्डा खपत हुने गरेको मञ्चले जनाएको छ । मञ्चका अध्यक्षरघुनाथ भट्टका अनुसार कुखुराको मासुको खपतमा समेत नेपाल निकै तलरहेको छ । विकसित मुलुकमा वार्षिक प्रतिव्यक्ति मासु ७४ दशमलव सात किलोसम्म खपत हुँदा नेपालमा सात दशमलव ५७ प्रतिशत मात्र खपत हुने गरेको छ । सेन्टभिन्सेन्ट ग्रेनडाइन्समा ७४ दशमलव सात किलो खपत हुने गरेको छ । यस्तै इजरायलमा ६८ दशमलव नौ किलो, सामोआमा ६५ दशमलव सात किलो, ट्रिनिडाड टोवागोमा ६३ दशमलव एक किलो, एण्टीगुवा वारबुडामा ६१ दशमलव आठ किलो, अमेरिकामा ५८ दशमलव सात किलो प्रतिव्यक्ति प्रतिवर्ष कुखुराको मासु खपत हुने गरेको उनले जानकारी दिए । यस्तै सेन्ट लुसियामा ५७ दशमलव छ किलोर हङ्कङमा ५५ दशमलव पाँच किलो वार्षिकरुपमा प्रतिव्यक्ति मासु खपत हुने गरेको छ । कुखुराको अण्डार मासुमा मानव शरीरलाई आवश्यकपर्ने पौष्टिक तत्व पर्याप्तमात्रामा पाइने भए पनि नेपालमा खपत कम हुने गरेको छ । नेपालमा दैनिक अण्डा अत्पादनको क्षमता ६० लाख वटा भए पनि हाल ३० देखि ३२ लाख मात्र उत्पादन हुँदै आएको छ । मासु उत्पादनको क्षमता दैनिक १० लाख किलो भए पनि हाल छ लाख किलोमात्रै उत्पादन हुँदै आएको भट्टले जानकारी दिए । उनका अनुसार देशको कूल गार्हस्थ उत्पादनको तीन दशमलव पाँच प्रतिशत हिस्सा ओगटेको यस क्षेत्रमा रु एक खर्ब ६० अर्ब लगानी भएको अनुमान गरिएको छ । यसमा चार लाख ५० हजार व्यक्तिले प्रत्यक्षरोजगारी पाइरहेको मञ्चले जनाएको छ । यस पेसाले आयात प्रतिस्थापन गर्दै आम देशवासीलाई सबैभन्दा सस्तो मूल्यमा गुणस्तरीयर पोषणयुक्त मासु तथा अण्डा उपलब्ध गराउँदै आएको मञ्चका निवर्तमान अध्यक्षराजेन्द्र लामिछानेले बताए । कुखुराको मासुर अण्डा मानव स्वास्थ्यका लागि उपयुक्त खाद्यान्न मानिन्छ । चिकित्सकले पनिरातो मासुभन्दा सेतो मासुर अण्डा खान सुझाव दिँदै आएका छन् । कुखुराको मासुर अण्डामा कुनै मिसावट नहुने, चिल्लोको मात्रा कम, प्रोटिनको मात्रा बढी हुने, पकाउन सजिलो, पचाउन सहज हुने, युरिक एसिड, मुटुरोगीका बिरामीलाई समेत उपयोगी हुने, कुनै पनि प्रकारको मिसावट हुन नसक्ने, सहजरुपमा आवश्यकता अनुसार पाउन सकिने चिकित्सक बताउँछन् । यस्तै सस्तो मूल्यमा पाउन सकिने, जुनसुकै उमेर समूहका मानिसको समेत रुचिको खानेकुरा नै कुखुराको मासुर अण्डा भएको लामिछानेले बताए । मञ्चले ११ औं राष्ट्रिय पोल्ट्री दिवस, २०८० अवसरमा जारी गरेको सूचनामा कुखुराको मासुर अण्डाले कुपोषण हुनबाट बचाउन महत्वपूर्ण योगदान पुर्याउँदै आएको जनाइएको छ । विसं २०१७ पुस १७ गते बाराको परवानीपुर सेन्ट्रल ह्याचरीको उद्घाटनपछि नेपालमा आधुनिक पोल्ट्रीको सुरुआत मानिँदै आएको छ । दिवसलाई मञ्चले सप्ताहव्यापीरुपमा मनाउँदै आएको छ । यसवर्ष 'कुखुराको अण्डार मासुको परिकार, स्वस्थ जीवनको आधार' भन्ने मूल नाराका साथ विशेष गरी स्कुलमा अध्ययनरत विद्यार्थीलाई अण्डार कुखुराको मासुको महत्वबारेमा जानकारी गराइएको छ । यस क्रममा २६ सरकारी विद्यालयका एक हजार नौ सय ४७ विद्यार्थीलाई अण्डार मासुको महत्वबारे जानकारी गराइएको छ । यस्तै कार्यक्रम अन्तर्गत यही पुस १७ गते बिहान मञ्चको कार्यालयबाट प्रभातफेरी, भरतपुर महानगरपालिका-२ मारक्टदान, सोही स्थानमा कुखुराको मासुर अण्डाका बारेमा जानकारी दिनका लागि एकदिने 'चिकेन एण्ड एग फुड फेष्टिवल'को आयोजना गरिएको मञ्चले जनाएको छ । -रासस

## लमजुङमा सुन्तला उत्पादनमा ह्रास



लमजुङमा सुन्तला उत्पादनमा ह्रास आएको छ । सुन्तला बगैँचा हेरचाहमा किसानको बेवास्ता, बोटमा रोग लाग्ने लगायत कारण सुन्तला उत्पादनमा कमी आएको हो ।

बेँसीसहर नगरपालिका-११ चिती स्याउतका भगवती पन्तले १३ रोपनी जग्गामा छ सयभन्दा बढी सुन्तलाको बोट लगाएको हो । उनले एक दशक अघि बर्सेनि रु छ लाखदेखि रु सात लाखसम्म आम्दानी गर्दै आएका थिए । तर पछिल्लो समय बर्सेनि पन्तको सुन्तला बगैँचा सखाप हुँदै गएको छ । यस वर्ष मुस्किलले रु ८० हजारसम्म आम्दानी गरेको उनको भनाइ छ । घर खर्च चलाएर पनि बचत हुने गरेकामा यतिबेला सुन्तला उत्पादन घट्दै गएको पन्तले बताए । जिल्ला कृषि विकास कार्यालयले पकेट क्षेत्रमा सूचीकृत गरेको स्याउत गाउँमा केही वर्षदेखि सुन्तला उत्पादन घट्दै गएको छ । एक दशकअघिसम्म गाउँभरिका बगैँचाबाट वार्षिक रु दुई करोडसम्म सुन्तला बिक्रीबाट किसानले आम्दानी गरेका थिए । छ/सात वर्षयता रु १० लाखसम्म मात्रै आम्दानी गरेका स्थानीय रमेशराज पन्तले बताए । विगत वर्षमा पर्याप्त सुन्तला उत्पादन हुने चिती, गाउँसहर, सिम्पानी, भोर्लेटार, कुन्छा, गहते, दुराडाँडा, राइनास, भोजे, उदिपुर घिमिरेलगायतमा समेत उत्पादनमा कमी आएको किसानले बताएका छन् । कृषि ज्ञान केन्द्रका सूचना अधिकारी विजय पौडेलका अनुसार चालु आर्थिक वर्ष २०८०/८१ मा जिल्लामा एक सय ३० हेक्टर क्षेत्रफलमा लगाएको सुन्तला खेतीबाट चार सय मेट्रिक टन सुन्तला उत्पादन भएको छ । गत आर्थिक वर्षमा जिल्लामा एक सय २५ हेक्टर जमिन क्षेत्रफलमा लगाइएको सुन्तला खेतिबाट पाँच सय २५ मेट्रिक टन सुन्तला उत्पादन भएको थियो । सुन्तला खेती गरेको क्षेत्रफल वृद्धि भएपनि उत्पादन एक सय २५ मेट्रिक टन कम भएको सूचना अधिकारी पौडेलले बताए । त्यस्तै, आव २०७८/७९ मा एक सय ८० हेक्टर क्षेत्रफलमा एक हजार दुई सय ४० मेट्रिक टन सुन्तला उत्पादन भएको थियो । आव २०७७/७८ मा दुई सय १३ क्षेत्रफलमा एक हजार चार सय २४ मेट्रिक टन सुन्तला उत्पादन भएको थियो । पछिल्ला वर्षमा क्रमश: क्षेत्रफल र उत्पादन घट्दै गएको कृषि ज्ञान केन्द्रले जनाएको छ । विभिन्न रोग, कीरा लाग्नुका साथै सुन्तला उत्पादनतर्फ किसानको पर्याप्त ध्यान नपुगेकाले उत्पादनमा कमी आएको केन्द्रले जनाएको छ । सुन्तलाको बोट तथा सुन्तलामा कल्लेकीरा, पतेरोलगायतका कीराले बिरुवा तथा बोटमा रोग सार्ने र सिट्रेस डिक्लाइन (उत्पादनमा ह्रास हुने रोग), ग्रिनिङ भाइरसजस्ता रोग लाग्ने तर गोडमेल, स्याहार, सिँचाइको व्यवस्था, बिरुवा छनोटजस्ता काममा सुन्तला किसानले ध्यान नपुगेकाले सुन्तला बगैँचा मासिँदै गएको छ । जिल्लामा उत्पादन भएको सुन्तला काठमाडौँ, पोखरा, चितवनलगायत सहरमा बिक्री गर्ने गरिएको छ ।-रासस

## कृषि उपकरणमा अनुदान

व्यावसायिक कृषिमा लागेका किसानलाई पोखरा महानगरपालिकाले ५० प्रतिशत अनुदानमा कृषि औजार र उपकरण प्रदान गरेको छ । पोखरा प्रदर्शनी केन्द्रमा सुरु भएको 'प्रथम प्रदेशस्तरीय कृषि यान्त्रिकीकरण प्रदर्शनी'का अवसरमा महानगरले सो अनुदान वितरण गरेको हो ।

चालु आवमा अनुदानका लागि छनौट भएका कृषि समूह, सहकारी तथा फार्मले प्रदर्शनी कक्षबाटै आफूलाई आवश्यक परेका कृषि उपकरण तथा प्रविधि खरिद गर्ने प्रबन्ध मिलाइएको महानगरको कृषि महाशाखा प्रमुख मनोहर कडरियाले जानकारी दिए । 'देशविदेशका कम्पनीले आफ्नो उत्पादनलाई प्रदर्शनीमा राखेका छन्, महानगर भित्रका किसानले रोजीरोजी अनुदानको कृषियन्त्र किन्न सकिन्छ', उनले भने,'बिल भरपाईका आधारमा ५० प्रतिशत रकम किसानलाई उपलब्ध गराउँछौँ ।' महाशाखा प्रमुख कडरियाका अनुसार किसानलाई एक सय १६ मिनिटिलर हलो, तीन सय ८५ टनेल प्लास्टिक, मल्चिङ प्रविधि ९१, थोपा सिँचाइ ३६, स्प्रेयर एक सय २२, असिना छेक्ने जाली ८५ र ५८ मौरीघार अनुदानमा उपलब्ध गराइएको हो ।

महानगरले वडा तहमा कृषि सञ्जाल मार्फत प्रदान गरिने कृषि औजार तथा उपकरण पनि सञ्जालले चाहेको खण्डमा प्रदर्शनीस्थलबाटै वितरण गर्ने योजना बनाएको छ । व्यावसायिक कृषि पकेटको छुट्टै कार्यक्रममार्फत एक सय नौ कृषि समूह, सहकारी र फार्म अनुदानका लागि छानिएको महानगरले जनाएको छ । महाशाखा प्रमुख कडरियाले महानगरले बर्सेनि कृषिको यान्त्रिकीकरणका लागि रु ८० लाखभन्दा बढी अनुदान रकम खर्च गर्ने गरेको बताए । पछिल्लो एक दशकयता किसानले कृषि उत्पादनदेखि प्रशोधनका काममा नयाँनयाँ कृषियन्त्र र उपकरणको प्रयोग बढाउँदै गएको उनको भनाइ छ । महानगरले अनुदानमा कृषि उपकरण वितरण गर्न थालेपछि व्यावसायिक कृषितर्फ आकर्षण बढ्दै गएको पोखरा-५ को दिदीबहिनी कृषक समूहका सन्तोषी नेपालीले बताए । उनले उत्पादनसँगै कृषिको बजारीकरणमा पनि महानगरलगायत राज्यका निकायले सहयोग गर्नुपर्ने उल्लेख गरे । व्यावसायिक कृषि विकासका लागि कृषिलाई यान्त्रिकीकरण गर्नुपर्नेमा कृषि क्षेत्रका विज्ञले जोड दिँदै आएका छन् । परम्परागत र निर्वाहमुखी कृषि प्रणालीले किसानको उत्थान नहुने महाशाखा प्रमुख कडरियाले बताए । 'कम लागतमा कृषि उत्पादन र बजारीकरणका लागि यान्त्रिकीकरणलाई अवलम्बन गर्नु आवश्यक छ, नयाँनयाँ उपकरण र प्रविधिलाई किसानको पहुँचमा पुऱ्याउनुपर्छ', उनले भने ।

-रासस

# हृदय रोग निवारण प्रतिष्ठानको अधिवेशन
# अध्यक्षमा पुन: सिंह



**पाल्पा,** पुस २१/नेपाल हृदय रोग निवारण प्रतिष्ठान पालपाको साधारण सभा तथा अधिवेशन भएको छ । प्रतिष्ठानको चौथौं साधारण सभा तथा अधिवेशन तानसेनमा भएको हो ।

अधिवेशनले समिरमान सिंहलाई पुन: अध्यक्षमा चयन गरेको छ । उनको अध्यक्षतामा १३ सदस्यीय कार्यसमिति चयन गरिएको प्रतिष्ठानका संस्थापक अध्यक्ष रामलाल श्रेष्ठले एनजेडीलाई जानकारी दिए । उनका अनुसार प्रतिष्ठानको पहिलो बैंठकले अन्य पदाधिकारीहरु चयन गर्ने गरी अहिले सदस्य मात्र चयन गरिएको हो । अधिवेशनको लुम्बिनी मेडिकल कलेजका डा. तिल चन्द पाण्डेले उद्घाटन गरेका हुन् । सभाको उद्घाटन गर्दै प्रमुख अतिथि समेत रहेका पाण्डेले स्वास्थ्य नै धन भएकाले मानिसहरुलाई स्वस्थ राख्ने अभियानमा प्रतिष्ठानले खेलेको भूमिका महत्वपूर्ण रहेको बताए । उनले मुटु , मृगौला, सुगर जस्ता रोगहरुको बारेमा जानकारी गराउँदै आहारविहार र जीवनशैलीका बारेमा जानकारी समेत गराएका थिए । कार्यक्रममा युनाइटेड मिसन अस्पतालकी निर्देक रचेल कारख, नेत्र ज्योति संघ पाल्पाका अध्यक्ष बुद्धिप्रसाद शर्मा, रेडक्रस पाल्पाका सभापति बाबुराम कार्की, पाल्पा उद्योग वाणिज्य संघका अध्यक्ष शैलेन्द्र भट्टराई, पतञ्जलीका अध्यक्ष सुरेश श्रेष्ठ लगायतले प्रतिष्ठानको सफलताको शुभकामना व्यक्त गरेका गरेका थिए । प्रतिष्ठानका अध्यक्ष समिरमान सिंहको अध्यक्षता, उपाध्यक्ष लक्ष्मी जिसीको स्वागत, सहसचिव मन हेमचुरीको सञ्चालनमा कार्यक्रम भएको थियो । पाल्पामा रामलाल श्रेष्ठको सक्रियतामा प्रतिष्ठान स्थापना भएको हो । उनले एक लाख बराबरको उत्कृष्ट पद 'एस एस कर सदस्य' लिएका छन् । यो पद नेपालकै उत्कृष्ट पद हो । प्रतिष्ठानले बाल मुटु बचाउ, टन्सील पाकेर उपचार नपाएका, मुटु रोगीहरुको पहिचान गरी उनीहरुलाई उचित उपचार र पराशर्म जस्ता कामहरु गर्दै आएको छ । प्रतिष्ठानमा २ सय १५ जना सदस्य रहेका छन् । जसमा १२ जना विशिष्ट सदस्यका रुपमा रहेका छन् ।

## देशभर चिसो...

तराईका थोरै स्थानमा हुस्सु/कुहिरो लागेको छ । कोशी, मधेस, बागमती, गण्डकी, लुम्बिनी र कर्णाली प्रदेशको पहाडी भू-भागमा आंशिक बदली रहनेछ । कोशी र गण्डकी प्रदेशको उच्च पहाडी तथा हिमाली भू-भागको केही स्थानमा हल्का हिमपातको सम्भावना रहेको छ । चिसो बढेपछि तराइका जिल्लाहरुमा जेष्ठ नागरिक, न्यानो कपडाको कम पहुँच भएका समूहलाई लक्षित गरी सामूहिक आगो ताप्ने व्यवस्था मिलाइएको छ । जेष्ठ नागरिक, बालबालिका, विपन्न वर्ग र न्यानो कपडा र वासस्थानमा पहुँच नपुगेका व्यक्ति/समूह प्रभावित हुन सक्ने र रोगको जोखिममा रहन सक्ने भन्दै ठाउँ ठाउँमा स्थानीय प्रशासनको अनुरोधमा आगो ताप्ने व्यवस्था मिलाइएको हो ।


## नौलो अभियान...

...सरकारी र गैरसरकारी संस्थाबाट भएका प्रयास यहाँको परम्परागत मान्यताका कारण सफल हुन सकेका थिएनन् । तर, अहिले समूहमा आबद्ध भएका महिला आफैंले कालो टीकाको नियम लगाएका हुन् । 'आफैंले बनाएको नियम आफैंले नमान्न भएन नि', बज्रबाङकी स्वास्थ्य स्वयंसेवीका रुपमायाँ घर्तीले भनिन्, 'अहिले गर्भवती खोजीखोजी स्वास्थ्य संस्था जाने गरेका छन्', यो आमा समूहले गर्भवती, सुत्केरी र नवजात शिशुका विषयमा सचेतनाका कार्यक्रम, पोषण सम्बन्धी सचेतनाका कार्यक्रमसमेत चलाउने गरेका छन् । गाउँमा भएका गर्भवती र सुत्केरीको विषयमा जान्न बुझ्न यो आमा समूहको नियमित बैठक हुन्छ । त्यही बैठकले सबै आमा र बच्चाको सुरक्षित भविष्यको विषयमा योजना बनाउँछ तथा कार्यान्वयन गर्छ । तीन वर्ष पहिले तमानखोला गाउँपालिकाले बज्रबाङमा गाउँघर क्लिनिक सञ्चालनमा ल्याएको छ । विवाइसी बागलुङसँग मिलेर त्यहा क्लिनिकका लागि भवन बनेको छ । गर्भजाँचका लागि बोंगादोभान स्वास्थ्यचौकीबाट स्वास्थ्यकर्मी त्यहीँ पुग्छन् ।

त्यहाँबाट बोंगादोभान पठाइएका गर्भवती त्यहाँ सुत्केरी हुन नसक्ने अवस्था आए बुर्तिबाङ प्राथमिक स्वास्थ्य केन्द्र पठाइन्छ । त्यहाँ पुग्न गाउँपालिकाले यातायात खर्च दिन्छ । त्यहाँभन्दा बाहिर जाँदा दश हजार खर्च गाउँपालिकालेनै दिने गरेको छ । 'बर्थिङ सेन्टर भएकाले गाउँपालिका भरिकै गर्भवती यहाँ आउनुहुन्छ, होम डेलीभरी शून्यमा झारेका छौँ', बोंगादोभान स्वास्थ्यचौकीका अहेव रविना बुढा मगरले भने, 'अहिले गाउँपालिकाले चिकित्सकसमेतको व्यवस्था गरेकाले धेरै सजिलो भएको छ ।' स्वास्थ्य संस्थामा आएका अधिकांश गर्भवतीलाई समयमा नै समस्याको पहिचान गर्ने र अन्यत्र पठाउनुपर्ने भए समयमै पठाउने गरेको उनले सुनाए ।
**-रासस**

खेलकुद समाचार

## अस्ट्रेलियाको क्लिन स्वीप



**काठमाडौं,** पुस २१/अस्ट्रेलियाले पाकिस्तानसँगको टेस्ट क्रिकेट शृङ्खलामा क्लिन स्वीप गरेको छ । तेस्रो तथा अन्तिम खेलमा घरेलु टोली आठ विकेटले विजयी भयो । यसअघि पर्थमा भएको पहिलो टेस्ट ३ सय ६० र मेलबर्नमा भएको दोस्रो टेस्ट ७९ रनले जितेको अस्ट्रेलियाले शृङ्खला ३-० ले आफ्नो पक्षमा पारेको हो ।

जितका लागि एक सय ३० रनको लक्ष्य पछ्याएको अस्ट्रेलियाले दुई विकेट गुमाएर चौथो दिन पहिलो सेसनमै भेट्टायो । उसका मार्नस लाबुसेन ६२ रनमा अविजित रहे । आफ्नो अन्तिम टेस्ट खेलेका डेविड वार्नर ५७ रनमा आउट भए । वार्नरले अब अष्ट्रेलियाको टोलीबाट टी-२० मात्रै खेल्नेछन् । उनले टेस्ट र एकदिवसीयमा यसअघि नै सन्यासको घोषणा गरेका थिए । सिड्नीमा टस जितेर पहिला ब्याटिङ गरेको पाकिस्तानले पहिलो पारीमा अलआउट हुँदै ३ सय १३ रन बनाएको थियो । तर अस्ट्रेलियाले २ सय ९९ रन जोडेको थियो । अस्ट्रेलिया १४ रनले पछि परेको अवस्थामा पाकिस्तानको दोस्रो पारी कमजोर रह्यो । पाकिस्तान १ सय १५ रनमा अलआउट भयो । एक सय २९ रनको अग्रता अस्ट्रेलियाले दुई विकेट गुमाएर पूरा गर्यो । उसका ओपनर उस्मान ख्वाजा खाता नै नखोली आउट भएका थिए । पाकिस्तानका साजिद खानले दुई विकेट लिए ।

मनको आवाज.............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्युनिकेशन
प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

अर्थ/कर्पोरेट समाचार

## मायादेवी मन्दिरमा एक करोड बढी भेटी संकलन



**लुम्बिनी,** पुस २१/बुद्ध जन्मस्थल लुम्बिनीस्थित मायादेवी मन्दिरमा दानबापत एक करोड बढी भेटी संकलन भएको छ । मन्दिरमा राखिएका दानपेटिकाबाट एक करोड छ लाख ४० हजार भेटी संकलन भएको हो ।

आर्थिक वर्ष २०८०/८१ अन्तर्गत दोस्रोपटक गरिएको दानपेटिका गणनाबाट उक्त रकम संकलन भएको लुम्बिनी विकास कोषले जनाएको छ । सङ्कलित दान पारदर्शी बनाउनेगरी गणनाको व्यवस्था मिलाइएको कोषले जनाएको छ । पछिल्लो समय लुम्बिनीमा आन्तरिक तथा बाह्य पर्यटक बढ्न थालेका छन् । यसअघि कात्तिकमा खोलिएको यो आर्थिक वर्षको पहिलो दानपेटिका गणनाबाट ६४ लाख ७६ हजार नौ सय ६० संकलन भएको थियो । मायादेवी मन्दिरको अवलोकनमा गएका भक्तजनले चढाएको दानको आम्दानीबाट कोषको आन्तरिक खर्च व्यवस्थापन हुँदै आएको छ । अहिले विदेशी पर्यटकको संख्या बढेकाले पनि दानबापतको रकम वृद्धि भएको कोषले जनाएको छ । सो दान रकम गणनालाई पारदर्शी बनाउन सिसिटिभी जोडेर कोषका पदाधिकारी, लुम्बिनीका सुरक्षा प्रतिनिधिको रोहबरमा गणना गर्ने गरिन्छ । गणना सुरु भएपछि हरेक दिनको गणना गरिएको दान रकम मुचुल्का उठाएर बैंकमा जम्मा गरिएको छ । लुम्बिनीमा प्रमुख आम्दानीको स्रोतका रूपमा दानलाई लिने गरिएको छ ।

**वैदेशिक रोजगारमा जाँदा सचेत रहौं।**

- आधिकारिक कागजातका आधारमा मात्र वैदेशिक रोजगारमा जाऔं ।
- वैदेशिक रोजगारीमा पठाउने व्यक्ति वा संस्था आधिकारिक हो, होइन यकीन गरौं ।
- वैदेशिक रोजगारीका लागि पर्यटक भिसाको प्रयोग नगरौं ।
- श्रम स्वीकृति लिएरमात्र वैदेशिक रोजगारीमा जाऔं ।
- **श्रम स्वीकृतिविना वैदेशिक रोजगारीमा जाने कामदारहरुले:**
- करारबमोजिम काम र सुविधा नपाउने,
- विदेशी भूमिमा पीडित बन्नुपर्ने,
- स्वदेश फर्कन कठिनाई हुने,
- कतिपय अवस्थामा जेल सजायसमेत भोग्नुपर्ने,
- ज्यानसमेत गुमाउनु पर्ने लगायतका अवस्था आउन सक्छन् ।

नेपाल सरकार
विज्ञापन बोर्ड

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई